# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा


## स्थानीय राजपत्र

खण्डः १०　　संख्याः १　　मितिः २०८३/०१/२५


भाग - २

# शैक्षणिक श्रोत व्यक्ति परिचालन कार्यविधि, २०८३

# शैक्षणिक श्रोत व्यक्ति परिचालन कार्यविधि, २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२४ गते

**प्रस्तावना :** विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाईको केन्द्रको रुपमा विकास गर्न विद्यार्थीहरुको सिकाई सहजताको लागी शिक्षकको पेशागत विकासमा सहजीकरण गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाईमा सुधार गर्न वान्छनीय भएकोले,
करैयामाई गाउँपालिकाले नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम शैक्षणिक स्रोत व्यक्ति परिचालन कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्य विधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **इकाई** भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ।

(ख) **ऐन** भन्नाले करैयामाई गाउँपालिकाको शिक्षा ऐन २०७६ सम्झनु पर्छ।

(ग) **केन्द्र** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) **नियमावली** भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ।

(ङ) **विद्यालय** भन्नाले सामुदायिक, संस्थागत, परम्परागत लगायत गाउँपालिकामा संचालित सबै तह र संरचनाका विद्यालय सम्झनु पर्छ।

(च) **मन्त्रालय** भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(छ) **शिक्षा** शाखा भन्नाले गाउँपालिकाबाट शिक्षा विषय हेर्ने गरी कायम गरिएको शाखालाई सम्झनु पर्छ।

(ज) **शैक्षणिक स्रोत व्यक्ति** भन्नाले शिक्षण सिकाईको सहजिकरणका लागी गाउँपालिकाबाट नियुक्त स्रोत व्यक्ति सम्झनु पर्छ।

(झ) **गाउँपालिका** भन्नाले करैयामाई गाउँपालिकालाई सम्झनु पर्छ।

(ञ) **गाउँ शिक्षा समिति** भन्नाले गाउँपालिकामा गठित समितिलाई सम्झनु पर्छ।

(ट) **सहयोगी संस्था** भन्नाले आर्थिक सहायता गर्ने सरकारी वा गैर सरकारी संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद २
## उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :**

(क) योग्य र सक्षम शैक्षणिक स्रोत व्यक्तिको व्यवस्था गरी विद्यालयको प्रभावकारी निरीक्षण तथा सहजिकरण गर्ने ।

(ख) शिक्षण सिकाईमा सुधार गर्ने ।

(ग) उपलब्ध शैक्षिक सेवा सुविधाको परिचालन गरी अधिकत्म उपलब्धी हासिल गर्ने ।

(घ) शिक्षकको पेशागत विकास तथा सहयोग सम्बन्धी कार्य गर्न सहजिकरण गर्ने

(ङ) गाउँपालिका, प्रदेश र संघीय निकाय बीच समन्वय कायम गरी शिक्षण सिकाइमा सुधार गर्ने

## परिच्छेद ३
## शैक्षणिक स्रोत व्यक्ति सम्बन्धि व्यवस्था

**४. शैक्षणिक स्रोत व्यक्ति सम्बन्धी व्यवस्था :** (१) विद्यालयको शिक्षण सिकाईको अवस्थाको निरिक्षण तथा सुपरिवेक्षणको लागी गाउँपालिकाले पुरा समय कार्य गर्ने गरी शैक्षणिक स्रोत व्यक्ति सम्बन्धि व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षणिक स्रोत व्यक्ति सम्बन्धि व्यवस्था गर्दा गाउँपालिका स्तरमा कम्तिमा एक जना शैक्षणिक स्रोत व्यक्ति रहने छ ।

(३) गाउँपालिकामा तीस भन्दा बढी विद्यालय संचालन भएको अवस्थामा विद्यालय क्षेत्र निर्धरण गरी एक भन्दा बढी शैक्षणिक स्रोत व्यक्ति राख्न सकिने छ ।

तर त्यसरी दूई जना भन्दा बढि शैक्षणिक स्रोत व्यक्ति भएमा प्रत्येक शैक्षणिक स्रोत व्यक्तिको कार्यक्षेत्रमा कम्तिमा तीस वटा विद्यालय रहेको हुनेछ ।

(४) शैक्षणिक स्रोत व्यक्ति सम्बन्धी व्यवस्था गर्दा गाउँपालिकाको उपलब्ध आर्थिक स्रोत र सक्षमताको आधारमा नियुक्त गर्ने ।

(५) शैक्षणिक स्रोत व्यक्ति नियुक्त गर्नुपर्ने भएमा सो गर्नु अघि कम्तिमा १५ दिनको समय दिई सार्वजनिक सूचना स्थानीय पत्रिकामा प्रकाशन गरी दरखास्त आव्हान गरी प्राप्त हुन आएका दरखास्तहरु मध्येहरुबाट योग्यतम् व्यक्तिलाई छनौट गर्ने ।

(६) शैक्षणिक स्रोत व्यक्ति छनौटका लागी तपसिल अनुसारका एक छनौट समिति रहनेछः

(क) गा.पा.स्तरीय शिक्षा समितिका प्रतिनिधि- संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्रतको कर्मचारी- सदस्य

(ग) प्रशासान शाखा प्रमुख- सदस्य

(घ) सहयोगी संस्थाको प्रतिनिधि- सदस्य

(ङ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(७) शैक्षणिक स्रोत व्यक्ति छनौटका आधार अनुसुचीमा व्यवस्था भए बमोजिम हुने छ ।

(८) शैक्षणिक स्रोत व्यक्ति छनौट समितिले सबैभन्दा बढि अंक प्राप्त गरेको दरखास्तवालालाई नियुक्तिका लागी सिफारिस गर्ने छ ।

**५. योग्यता सम्बन्धी व्यवस्था :** (१) देहाय बमोजिम योग्यता पुरा भएको व्यक्ति शैक्षणिक स्रोत व्यक्तिको पदमा नियुक्तिका लागी योग्य हुने छ :

(क) नेपाली नागरिक

(ख) २१ वर्ष पुरा गरी ५८ वर्ष उमेर ननाघेको

(ग) प्रचलित कानुनले अयोग्य नभएको ।

(घ) कुनै राजनैतिक दलको सदस्य नभएको ।

(ङ) सरकारी सेवाको लागी प्रचलित कानुन बमोजिम अयोग्य ठहर नभएको

(च) कुनै लाभको पदमा नरहेको र कुनै संघसंस्थामा पूर्णकालिन काम नगरेको

(छ) शिक्षा शास्त्रमा स्नातक उपाधि प्राप्त गरेको वा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(ज) कम्तिमा १ वर्षको शिक्षण, शिक्षक तालिम सहजिकरण, वा सम्बन्धित शैक्षिक कार्यमा संलग्न भएको

(झ) तालिम सहजीकरण, प्रशिक्षण र परामर्श सेवामा दक्षता हासिल गरेको ।

**६. शैक्षणिक स्रोत व्यक्तिको नियुक्ति :** (१) शैक्षणिक स्रोत व्यक्ति छनौट समितिबाट सिफारिस भएको व्यक्तिलाई गाउँपालिकाले सेवा अवधि तोकी वढीमा ६ महिनाको लागी करारमा नियुक्ति गर्नेछ ।

(२) शैक्षणिक स्रोत व्यक्तिको कार्य क्षेत्र, सेवा सर्त र सुविधा करारमा व्यवस्था भए बमोजिम हुने छ ।

(३) शैक्षणिक स्रोत व्यक्तिको कार्य सन्तोषजनक भई बजेटको सुनिश्चित भएको अवस्थामा उक्त करार अवधि एक पटकमा ६ महिना नबढने गरी म्याद थप गर्न सकिने छ ।

(४) शैक्षणिक स्रोत व्यक्तिको कार्य गाउँपालिकालाई सन्तोषजनक नलागेमा वा निजले गाउँपालिकाको प्रचलित कानुन बमोजिम आदेश पालना नगरेको अवस्थामा गाउँपालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्ने छ ।

(५) गाउँपालिकामा जनाकारी नगराई ७ (सात) दिन सम्म वेपता भएमा निजको करार सम्झौता रद भएको मानिनेछ ।

(६) निजको लापरवाहीको कारणले सरकारी सम्पती हानी नोक्सानी भएमा निज सँग सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**७. शैक्षणिक स्रोत व्यक्तिको काम र कर्तव्य :** (१) शैक्षणिक स्रोत व्यक्तिको काम र कर्तव्य देहाय बमोजिम हुने छ :

(क) गाउँपालिका र सहयोगी संस्थाको लाईन म्यानेजररूलाई मासिक कार्य योजना र प्रगति प्रतिवेदन अनुसुची २ र ३ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ।

(ख) शिक्षकलाई सिकाइमा सहयोग प्रदान गर्न प्रति महिना कम्तिमा ८ देखि १० विद्यालयहरूको भ्रमण गरी प्रतिवेदन अनुसुची २ र ३ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(ग) एकीकृत पाठ्यक्रम र कक्षागत पाठ्यक्रममा केन्द्रित रहेर पाठ योजनाहरू विकास गर्न र सिकाइ सामग्रीहरू सिर्जना गर्न शिक्षकहरूलाई सहयोग गर्नु पर्नेछ।

(घ) विद्यालयहरूले एकीकृत पाठ्यक्रमको आधारमा निरन्तर मूल्याङ्कन सञ्चालन गरेको सुनिश्चित गर्नु पर्नेछ।

(ङ) शिक्षकहरूलाई उपचारात्मक शिक्षण, कक्षा शिक्षण, बहु कक्षा शिक्षण, हिंसारहित शिक्षण, कक्षा व्यवस्थापन, र पाठ्यक्रम र शिक्षक निर्देशिका कार्यान्वयनमा सहयोग प्रदान गर्न पर्नेछ।

(च) शिक्षकहरूको पेशागत क्षमता विकासका आवश्यकताहरू पहिचान गर्न सर्वेक्षणहरू गर्नु पर्नेछ र तदानुसार प्रशिक्षण र परामर्श प्रदान गर्नु पर्नेछ।

(छ) शिक्षकहरूको पेशागत विकास योजना निर्माण गर्न गाउँपालिकालाई सहजीकरण गर्नु पर्नेछ  र तदानुसार कार्यान्वयन गर्न प्राविधिक सहयोग प्रदान गर्नु पर्नेछ।

(ज) महामारी र असामान्य परिस्थितिहरूमा बालबालिकाको सिकाइ जारी राख्न शिक्षक र अभिभावकहरूलाई टोल शिक्षा, गृह विद्यालय र घरमै विद्यालय सहजीकरण गर्न सहयोग गर्नु पर्नेछ।

(झ) एकीकृत पाठ्यक्रममा आधारित निरन्तर मूल्याङ्कन प्रणाली (CAS) सञ्चालन गर्न प्रारम्भिक कक्षाका शिक्षकहरूलाई सहयोग गर्नु पर्नेछ।

(ञ) शिक्षण सिकाइ प्रक्रियाको लागि डिजिटल प्लेटफर्महरू प्रयोग गर्न शिक्षकहरूलाई सहयोग गर्नु पर्नेछ

(ट) कार्यक्रम उपलब्धिहरू, राम्रा अभ्यासहरू र चुनौतीहरू हाइलाइट गर्ने केस स्टोरीहरू र समाचार कथाहरू लेख्नुका साथै प्रकाशित गर्नु पर्नेछ।

(ठ) गाउँपालिका स्तरीय र बाहिर विभिन्न क्षमता विकास गतिविधिहरूमा भाग लिनु पर्नेछ।

(ड) आवश्यकता अनुसार गाउँपालिका र साझेदार परियोजना प्रतिनिधिसँग समन्वय गरी अन्य कार्यहरु गर्नु पर्नेछ।

(ढ) तोकिएको विद्यालयमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग गर्ने र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भुमिका निर्वाह गर्नुपर्ने छ।

(ण) गाउँ शिक्षा योजना तथा विद्यालय सुधार योजना निर्माणमा सकृय भुमिका निर्वाह गर्ने।

(त) विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षक पेशागत सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई गाउँ शिक्षा समिति र शिक्षा शाखामा प्रतिवेदन दिने र सुचना प्रवाह गर्ने।

(थ) विद्यार्थीहरुको सिकाई उपलब्धि वृद्धि हुने कृयाकलापको बारेमा विद्यालयस्तरीय नियमित बैठकमा छलफल गरी योजना बनाउने।

(द) विद्यालयलाई सिकाई उपलब्धि वृद्धि गर्ने योजना निमार्ण गर्न लगाई सो योजनाको साराँश बनाई गाउँ शिक्षा समितिमा पेश गर्ने ।
(ध) कक्षा कोठा अवलोकन गर्दा यस अधिको निर्देशन र पृष्ठपोषण कार्यन्वयनको जानकारी लिई सम्बन्धीत शिक्षक तथा प्रधानाध्यापकसँग यस सम्बन्धमा छलफल गर्ने ।
(न) विद्याललय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखिकरण गरी नियमित रुपमा शिक्षा शाखामा जानकारी गराउने ।
(प) शिक्षकको पेशागत विकासको कार्यन्वयनको सम्बन्धमा केन्द्र तथा तालिम प्रदायक संस्थाको निर्देशनानुसार काम गर्ने ।
(२) शैक्षणिक स्रोत व्यक्तिको अन्य काम र कर्तव्य करार पत्रमा तथा गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ । त्यसरी काम र कर्तव्य निर्धारण गर्दा निश्चित कार्य गर्ने गरी अधिकार प्रदान गर्न सकिने छ ।

## परिच्छेद ४
## विविध

**८. समुह सुपरिवेक्षण सम्बन्धि व्यवस्था :** (१) यस कार्यविधि बमोजिम शैक्षणिक स्रोत व्यक्ति नियुक्त नभएको अवस्थामा गाउँपालिकाले तीन जना विज्ञको समुह तयार गरी एक वा एक भन्दा बढी विद्यालयको निरिक्षण तथा सुपरिवेक्षण गराउन सक्ने छ ।
(२) उपदफा (१) बमोजिम समुहमा रहने विज्ञको योग्यता यस कार्यविधिको दफा ५ बमोजिम हुनु पर्नेछ
(३) शैक्षणिक स्रोत व्यक्ति समुहबाट हुने निरिक्षण तथा सुपरिवेक्षण सम्बन्धि अन्य व्यवस्था गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुने ।

**९. आवश्यक व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले यस कार्यविधि बमोजिम रहने शैक्षणिक स्रोत व्यक्ति, विद्यालय निरिक्षण तथा सुपरिवेक्षण, स्थानिय तहमा पेश हुने प्रतिवेदन तथा शैक्षणिक स्रोत व्यक्तिको कार्य संचालनको विषयमा आवश्यक व्यवस्था गर्न सक्ने छ ।

**१०. क्षमता अभिवृद्धि कार्यक्रम गर्न सक्ने :** केन्द्र, तालिम प्रदायक संस्था तथा गाउँपालिकाले शैक्षणिक स्रोत व्यक्ति तथा विद्यालयको शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धि कार्यहरु गर्न सक्नेछन् ।
**११. आर्थिक स्रोत सम्बन्धि व्यवस्था :** (१) शैक्षणिक स्रोत व्यक्तिले प्राप्त गर्ने तलब, भत्ता तथा अन्य सुविधा गाउँपालिकाले व्यवस्था गरे बमोजिम हुने । साझेदार संस्थाको साझेदारीमा व्यवस्थापन गरेको खण्डमा दुई संस्था विचको साझेदारी अनुसार हुनेछ ।
(२) शैक्षणिक स्रोत व्यक्तिको कार्य गर्ने स्थान, कार्यसंचालन सम्बन्धि व्यवस्था र तत् सम्बन्धि हुने खर्च गाउँपालिकाबाट व्यवस्था भए बमोजिम हुनेछ ।

साझेदार संस्थाको साझेदारीमा व्यवस्थापन गरेको खण्डमा दुइ संस्था विचको साझेदारी अनुसार हुनेछ ।

**१२. अन्यत्र कामकाजमा लगाउन नहुने :** (१) शैक्षणिक स्रोत व्यक्तिलाई विद्यालय निरिक्षण तथा सुपरिवेक्षण गरी विद्यालयको शिक्षण सिकाईको सुधार गर्ने सम्बन्धि कार्यमा मात्र खटाइने छ ।
(२) शैक्षणिक स्रोत व्यक्तिले विद्यालय विकासको लागी विद्यालयकै कामकाजमा मात्र खटिनु पर्ने छ ।

**१३. करार सम्बन्धि व्यवस्था :** (१) शैक्षणिक स्रोत व्यक्तिको करार अवधि बढिमा ६ महिनाको हुने छ ।
(२) शैक्षणिक स्रोत व्यक्तिको पारिश्रमिक स्थानिय तहको छैठौं तह अधिकृत स्तर हुने गरी व्यवस्था गर्ने । सझेदार संस्थाको साझेदारीमा व्यवस्थापन गरेको खण्डमा दुइ संस्था विचको साझेदारी अनुसार हुनेछ ।
(३) शैक्षणिक स्रोत व्यक्तिले प्राप्त गर्ने अन्य सुविधाका विषयमा गाउँपालिकाबाट निर्धारण भई करारमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची १
## (दफा ४ को उपदफा (८) सँग सम्बन्धित)
## शैक्षणिक स्रोत व्यक्ति छनौटको आधार

**१. शैक्षणिक स्रोत व्यक्तिको छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ।**
**२. पूर्णाङ्क १०० लाई देहाय बमोजिम हुनेगरी अङ्क विभाजन गरिएको छ :**

| | |
|---|---|
| (क) लिखित | ७० |
| (ख) प्रस्तुतीकरण | १० |
| (झ) अन्तरवार्ता वापत | २० |
| जम्मा | १०० |

## अनुसूची २
## (दफा ७ को उपदफा (१) को (क) र (ख) सँग सम्बन्धित)
## शैक्षणिक स्रोत व्यक्तिले पेश गर्ने प्रतिवेदनको ढाँचा

| | |
|---|---|
| **नाम** | |
| **पद/जिम्मेवारी** | |
| **स्थानिय तह** | |
| **प्रतिबेदन महिना/वर्ष** | |

**१. कक्षा कोठा अवलोकन विवरण**

| **अवलोकन मिति** | **अवलोकन गरिएको विद्यालयको नाम** | **अवलोकन गरिएको कक्षा** | **शिक्षकको नाम** | **अवलोकन गरिएको कक्षामा भएका असल अभ्यासहरु** | **आगामी दिनको लागि सुझाव तथा सिफरिसहरु** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**२. शिक्षक सहायताका लागि गरिएका मूख्य क्रियाकलापहरु ( शिक्षकका पेशागत सक्षमताका आधारमा)**

| विद्यालयको नाम | शिक्षकको नाम | शिक्षकका पेशागत सक्षमताहरु | सहयोग गरिएको विवरण/क्रियाकलाप | तत्काल देखिएको परिवर्तन |
|---|---|---|---|---|
| | | विषय बस्तुको ज्ञान | | |
| | | शिक्षण सिकाइका तौर तरिका सम्बन्धी ज्ञान | | |
| | | बाल वालिका/ सिकारु सम्बन्धी ज्ञान | | |
| | | सिकारु र वातावरण तथा कक्षा व्यवस्थापन। | | |

## ३. थप गरिएका क्रियाकलापहरु :

## ४. मूख्य सिकाईहरु

## ५. मूख्य समस्या तथा चुनौतिहरु

हस्ताक्षर
शैक्षणिक स्रोतव्यक्ति



करैयामाई गाउँपालिका

करैयामाई गाउँपालिका

# अनुसूची ३
## (दफा ७ को उपदफा (१) को (क) र (ख) सँग सम्बन्धित)
## शैक्षणिक स्रोत व्यक्तिले पेश गर्ने प्रतिवेदनको ढाँचा

### विद्यालय अनुगमन फाराम

**अनुगमन मितिः**

**विद्यालयको नाम र ठेगानाः**

**संचालित कक्षाः**

**१. शिक्षकहरुको विवरणः**

| तह | स्थायी | करार | राहत | गा.पा.अनुदान | अन्य |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | | | | | |
| आधारभूत तह (कक्षा ६-८) | | | | | |
| माध्यमिक (कक्षा ९-१०) | | | | | |
| माध्यमिक (कक्षा ११-१२) | | | | | |

**२. विद्यार्थीहरुको विवरणः**

| कक्षा | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भर्ना भएका | | | | | | | | | | | | | |
| हाल भएका | | | | | | | | | | | | | |
| अनुगमनको दिन | | | | | | | | | | | | | |

**३. भौतिक अवस्थाः**

| भवन संख्या | कक्षाकोठा संख्या | शौचालय संख्या | मर्मत गर्नु पर्ने भवन संख्या | मर्मत गर्नु पर्ने कक्षाकोठा संख्या | आवश्यक कक्षा कोठा संख्या | खानेपानीको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | | | | |

४. यो आ.व.मा कुनै योजना परेको भए नाम र योजना दिने निकाय उल्लेख गर्नुहोस

५. लेखा परीक्षण भएको/नभएकोः

६. विद्यालयको सामाजिक परीक्षण भए/नभएकोः

७. विद्यालय व्यवस्थापन समिति गठन भए/नभएकोः भएको भए

८. विद्यालय सुधार योजना निर्माण/अध्यावधिक भएको/नभएको:

| क्र.सं. | विवरण | उत्तम | मध्यम | न्यून | कै. |
|---|---|---|---|---|---|
| ९ | विद्यालय तथा कक्षाकोठाको वातावरण | | | | |
| ९.१ | विद्यालय परिसर तथा कक्षाकोठाको सरसफाइको अवस्था | | | | |
| ९.२ | शिक्षक विद्यार्थीको नियमितता | | | | |
| ९.३ | शिक्षकहरु समयमै उपस्थितिको अवस्था | | | | |
| ९.४ | विद्यार्थीहरुको सिकाइ उपलब्धि अभिलेखिकरण अद्यावधिकको अवस्था | | | | |
| ९.५ | विद्यालय व्यवस्थापन समितिको बैठकको नियमित बस्ने गरेको | | | | |
| ९.६ | शिक्षक अभिभावक संघको बैठक नियमित बस्ने गरेको | | | | |
| ९.७ | विद्यालयमा बालबालिकाको पढाइलाई लिएर शिक्षक र अभिभाकबीच छलफल हुने गरेको | | | | |
| १० | कक्षा अवलोकन (कक्षा अवलोकन गरेर मात्र भर्ने) | | | | |
| १०.१ | कक्षामा धेरै जसो विद्यार्थी उपस्थितिको अवस्था | | | | |
| १०.२ | विद्यार्थीहरुसँग पाठयपुस्तक/अभ्यास पुस्तकको अवस्था | | | | |
| १०.३ | एकीकृत पाठयक्रम सम्बन्धी तालिम लिने शिक्षकको अवस्था | | | | |
| १०.४ | कक्षाकोठा विद्यार्थीको अनुपातमा उपयुक्त उज्यालो र हावा खेल्ने, उचित बसाइ व्यवस्थापन सहितको अवस्था | | | | |
| १०.५ | शिक्षकहरुसँग वा कक्षाकोठामा शिक्षक निर्देशिका, अभ्यास पुस्तिका र शैक्षिक सामाग्रीको अवस्था | | | | |
| १०.६ | कक्षा शिक्षणका क्रममा शिक्षकहरुले उपयुक्त सामाग्रीहरु प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप संचालन गरेको | | | | |
| १०.७ | कक्षा शिक्षणको क्रममा शिक्षक र विद्यार्थीहरुबीच अन्तक्रिया र सबै विद्यार्थीहरुलाई समान अवसर प्रदान गरिएको थियो | | | | |
| १०.८ | शिक्षकले कक्षा संचालनको क्रममा प्रशस्त मात्रामा उदाहरण, अभ्यास र सामाग्रीको प्रयोग गरेको अवस्था | | | | |
| १०.९ | शिक्षण सिकाइ क्रियाकलाप संचालन पश्चात विद्यार्थीहरुको मुल्याङ्कन गरि रचनात्मक पृष्ठपोषण दिने गरेको | | | | |

| ११ | **शिक्षक पेशागत सहयोग सम्बन्धमा** | | | | |
|---|---|---|---|---|---|
| ११.१ | शिक्षा विकास तथा समन्वय इकाइ, पालिका वा विषय विज्ञ, प्रअ र अन्य कोहीले विद्यालयमा आइ नियमित रुपमा कक्षा अवलोकन गर्ने गरेको | | | | |
| ११.२ | यदि अवलोकन भएको रहेछ भने सो पश्चात कक्षा शिक्षकसँग छलफल अन्तरक्रिया गरी उपयूक्त सुझाव दिएको अवस्था | | | | |
| ११.३ | प्र.अ. वा विषय विज्ञबाट नियमित कक्षा अवलोकन गर्ने गरेको | | | | |
| ११.४ | अवलोनक पश्चात शिक्षकहरुलाई आवश्यक पृष्ठपोषण दिने गरेको | | | | |
| ११.५ | ती पृष्ठपोषणका आधारमा शिक्षकहरुले शैक्षणिक क्रियाकलापमा समायोजन गरेको | | | | |
| ११.६ | प्रारम्भिक कक्षाका शिक्षक/विषय शिक्षकहरु बीचमा नियमित रुपमा बैठक बसी सिकाइ अनुभवहरु साटासाट गर्ने गरेको | | | | |
| ११.७ | पालिकाले शिक्षकहरुको सिकाइ समूह गठन गरि नियमित रुपमा अन्तरक्रिया गराउने गरेको | | | | |

१२. पहिचान भएका विद्यालय तथा शिक्षकहरुको समस्याहरुः

क)

१३. समस्या समाधानका लागि दिइएका सुझावहरुः

क)

**विद्यालय अनुगमनकर्ताहरु**

| क्र.सं. | नाम, थर | पद | संख्या | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

प्रधानाध्यापकको नामः

विद्यालयको छाप

हस्ताक्षर

**प्रमाणित गर्ने**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८३/०१/२५

प्रमाणित कानुन पाना(पेज) संख्याः ११(एघार)मात्र अनुसूची सहित

**आज्ञाले**

नागेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत